# कैलाश गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः२०७९/११/१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस कैलाश गाउँपालिकाको आर्थिक ऐन-२०७९ मा व्यवस्था भए बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेशले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा सानिमा बैंकको कैलाश शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता-ग-१.१ कैलाश गा.पा. आन्तरिका राजश्व खाता, खाता नं. ०६५०१००२००००००२ मा नगद जम्मा गरेको नगद भौचरका साथ मिति २०७९/११/२५ गते १२ बजे सम्ममा विद्युतिय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैङ्क खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अङ्कको ३ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको सानिमा बैंकमा रहेको धरौटी खाता, ग-७ कैलाश गा.पा. धरौटि खाता, खाता नं. ०६५०१००२००००००७ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र बुझाउन

पाउने अन्तिम मिति देखी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्डको सक्कल प्रति सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम मितिलको दिनको १४ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले ४ औं दिन दिनको १४ बजे कैलाश गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

६. म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १० दिन भित्र मू.अ.क दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाई दोश्रो किस्ता बापत बाँकी रकमले हुने रकममा १०% थप गरी नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा २०८० साल साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

८. यस गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्महरुले सो रकम नबुझाएको खण्डमा बोलपत्र स्वीकृत गरिने छैन।

९. संस्थागत आवेदकको हकमा आफु यस्तो बोलपत्र दाखिला गर्न अयोग्य नभएको भनी स्वःघोषणा गरेको पत्र अनिवार्य पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र स्वीकृत गरिने छैन।

१०. तोकिएको म्याद भित्र पट्टा उठाउन नसकेमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिने छ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भीक वातावरणीय परिक्षण यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

११. यहाँ उल्लेख नगरिएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन।

तपसिलः

| सि.नं. | सूचना नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्युनतम वोलतत्र रकम (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | KRM/NCB/SRBM/01 /079/080 | मनहरि खोलाको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको ऊत्खन्न, संकलन तथा बिक्री गर्ने | ३३२९९।८२ | ३०६६३५८।३८ | कबोल अङ्कको ३% | ३,००० |
| २ | KRM/NCB/SRBM/03 /079/080 | कालिकाटार देखी गोलढुङ्गासम्मको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको ऊत्खन्न, संकलन तथा बिक्री गर्ने | १७५२२३।४३ | १६१२०५५।५६ | | ३,००० |

वोलपत्र सम्बन्धी शर्तहरु तथा थप जानकारीका लागि ito.kailashmun@gmail.com मा सम्पर्क गर्नुहोला अथवा www.kailashmun.gov.npर www.bolpatra.gov.npबाट पनि Download गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत